
# मृगौला रोगको उपचारमा सुधार

**St Helier र St George का अस्पतालहरूमा मृगौलासम्बन्धी उपचार गर्ने प्रस्ताव**



**मृगौला रोगको उपचारमा सुधार:**
Epsom and St Helier University Hospitals NHS Trust
Frimley Clinical Commissioning Group
NHS England & Improvement - Specialised Commissioning
South West London Clinical Commissioning Group
St George's University Hospitals NHS Foundation Trust
Surrey Heartlands Clinical Commissioning Group

# हामीले मृगौलारोगीहरूलाई प्रदान गरिरहेका केही सेवाहरू 2025 बाट परिवर्तित हुन सक्छन् ।

St Helier र St George का अस्पतालमा काम गर्ने मृगौला विशेषज्ञ तथा नर्सहरू मृगौला रोगसम्बन्धी सेवामा सुधार गर्न चाहन्छन् । यस सन्दर्भमा हामी तपाईंको राय लिन चाहन्छौँ । यो पर्चामा सो सुधारको प्रस्तावको सारांश दिइएको छ ।

यसमा एउटा प्रश्नावली पनि समावेश गरिएको छ जहाँ तपाईं आफ्नो प्रतिक्रिया, सुझाव र जिज्ञासा राख्न सक्नुहुन्छ । तपाईं यो वेबसाइटमा गई यस बारेमा थप बुझ्न र प्रश्नावली भर्न सक्नुहुन्छ:

**https://swlondonccg.nhs.uk/renal/**

1

# पृष्ठभूमि




2020 – NHS ले Sutton मा नयाँ विशेषज्ञ अस्पताल बनाउने योजना स्वीकृत गर्यो



2026 देखि St Helier मा अन्तरंग मृगौला रोग सेवा र विशेषज्ञ सेवा लिइरहेका सबै बिरामीहरूले नयाँ अस्पतालबाट सेवा लिनु पर्ने हुन्छ



यसको सट्टामा दुवै अस्पतालका मृगौला रोग विशेषज्ञहरू St George को नयाँ भवनमा संयुक्त रूपमा सेवा प्रदान गर्न चाहन्छन्



2020 – NHS ले Sutton मा नयाँ विशेषज्ञ अस्पताल बनाउने योजना स्वीकृत गर्यो




2026 देखि St Helier मा अन्तरंग मृगौला रोग सेवा र विशेषज्ञ सेवा लिइरहेका सबै बिरामीहरूले नयाँ अस्पतालबाट सेवा लिनु पर्ने हुन्छ

Epsom र St Helier का अस्पतालहरूले 2026 सम्ममा मृगौलारोगीहरूलाई अन्तरङ्ग (भर्ना भएर लिने) सेवा उपलब्ध गराउन छोड्ने छन् । 2020 मा NHS ले £500 मिलियनको लागतमा Sutton मा विशेषज्ञ आपत्कालिन स्याहार अस्पताल बनाउने अनुमति प्राप्त गरेकाले यो परिवर्तन गर्नु परेको हो ।

Epsom र St Helier बाट छ वटा मुख्य सेवाहरू नयाँ अस्पतालमा सारिने छन् । यी सेवाहरूमा निम्न कुरा पर्छन्: मुख्य आपत्कालीन विभाग, जटिल स्याहार, आपत्कालीन शल्यक्रिया, जटिल औषधि सेवा, विशेषज्ञ बाल स्याहार र प्रसूति ।

यो योजनाअन्तर्गत St Helier को अन्तरङ्ग मृगौला रोग उपचार सेवा पनि 2026 मा Sutton मा सर्ने छ । St Helier वा अन्य अस्पताल, वा Surrey वा South West London का मृगौला रोगको उपचार गर्ने स्वास्थ्य संस्थाबाट प्राप्त भइरहेको मृगौला रोगको बहिरङ्ग सेवामा कुनै परिवर्तन गरिने छैन ।

तपाईं यो वेबसाइटमा गई 2020 मा अनुमोदित योजनाको बारेमा थप जानकारी पढ्न सक्नुहुन्छ: **https://improvinghealthcaretogether.org.uk/**

2020 को Improving Healthcare Together परामर्शको प्रतिक्रिया स्वरूप St George र St Helier का मृगौला रोगका दिग्गज स्वास्थ्यकर्मीहरूले निम्न विवरण भएको वैकल्पिक प्रस्ताव पेस गरेका थिए:

> "...भर्खरै नियुक्त भएका चिकित्साकर्मीको रूपमा  हामीलाई के लाग्छ भने हामीले हाम्रो तेस्रो मृगौला चिकित्सा र शल्यक्रिया अभ्यास औपचारिक रूपमा एकीकृत गरी यी सेवा एउटै भवनबाट दिन सक्यौं भने हामी उपचार सेवाको गुणस्तर अझै बढाउन सक्छौँ.... (र) मृगौला रोगको उपचारको लागि सही स्थान भनेको St George's हो।"

तपाईं उहाँहरूको जवाफको पूर्ण पाठ यो वेबसाइटमा हेर्न सक्नुहुन्छ: **https://improvinghealthcaretogether.org.uk/wp-content/uploads/2020/05/E.1.7-South-West-London-Renal-Community.pdf**

2

# नयाँ प्रस्ताव

St Helier र St George का अस्पतालका मृगौला रोगका स्वास्थ्यकर्मीहरूले नयाँ प्रस्ताव राखेका छन् । दुईवटा छुट्टाछुट्टै अस्पतालमा अन्तरङ्ग सेवा दिनुको सट्टा **St George अस्पतालको £80 मिलियनमा बन्न लागेको भवनमा**मृगौला रोगको विशेषज्ञ सेवा प्रदान गर्ने निर्णय गरिएको छ ।

मृगौला रोगका स्वास्थ्यकर्मीहरूले अन्तरङ्ग उपचार सेवा सुधारको सन्दर्भमा यो प्रस्ताव राखेका हुन् ।

St George मृगौला प्रत्यारोपण र मृगौलाले काम नगर्ने रोगको उपचारको लागि प्रतिष्ठित नाम हो । यो St Helier र South West London, Surrey र Sussex का बिरामीहरूको मृगौला प्रत्यारोपण केन्द्रको रूपमा रहेको छ ।

यो प्रस्तावले **अन्तरङ्ग (भर्ना भएर लिने) सेवा)** लिनु पर्ने मृगौला रोगीको लागि सेवा स्थल परिवर्तन गर्छ ।

**प्रत्यारोपण, मृगौला र भास्कुलर एक्सेस सर्जरी वा मृगौलाको चोटको उपचारको लागि** Sutton मा रहेको नयाँ अस्पतालमा जानुको सट्टा बिरामीहरूले **Tooting मा रहेको £80 मिलियन लागतमा बन्ने St George अस्पताल जानु पर्ने हुन्छ ।**

बहिरङ्ग सेवा लिनु पर्ने केही बिरामीहरूले St George को नयाँ भवनमा गएर सेवा लिनु पर्ने हुन्छ । अतिरिक्त परामर्श वा सहायता प्राप्त गर्नु पर्ने बिरामी (जस्तै, प्रत्यारोपण गरेका बिरामी) ले St George जानु पर्ने हुन्छ । त्यस्तै, घरमा डाइलासिस गर्ने तालिम जस्ता प्रयोजनका लागि लिइएको अपोइन्मेन्टका लागि St George बाट St Helier मा जानु पर्ने हुन्छ ।

मृगौला रोगसम्बन्धी अन्य सेवामा कुनै परिवर्तन हुने छैन । जस्तै, तपाईं आफ्नै समुदायमा मृगौला रोगको सेवा लिँदै हुनुहुन्छ भने सो सेवा जारी रहने छ । अर्थात् **95 प्रतिशत बिरामीहरूको सेवामा कुनै परिवर्तन हुने छैन ।** स्थानीय अस्पताल, एकाइ वा घरमा हुने हालको डाइलासिस सेवा वा मृगौला क्लिनिकबाट प्राप्त हुने सेवामा कुनै परिवर्तन हुने छैन ।

NHS ले नयाँ मृगौला उपचार केन्द्रको लागि £80 मिलियन दिने निर्णय गरेको छ । यो प्रस्तावले COVID-19 को प्रभावलाई पनि मध्यनजर गर्छ । मृगौलारोगीहरू जोखिमपूर्ण समूहमा पर्ने भएकाले COVID-19 को प्रभावलाई पनि मध्यनजर गरिनु पर्ने हुन्छ । नयाँ भवन भविष्यमा आउन सक्ने महामारीमा सुरक्षित तरिकाले सेवा दिने हिसाबले निर्माण गरिने छ । नयाँ भवनमा सङ्क्रमण नियन्त्रण गर्न र सामाजिक दूरी कायम गर्न सहज हुन्छ ।

मृगौला रोगका विशेषज्ञहरू अतिरिक्त स्याहार चाहिने केही मृगौलारोगीलाई St George अस्पतालको नयाँ भवनमा उपचार गर्न सकिने अवस्था सृजना होस् भन्ने चाहन्छन्

यो भवनमा अन्तरङ्ग सेवा लिनु पर्ने बिरामी र अतिरिक्त सहायता, परामर्श र तालिम चाहिने बहिरङ्ग बिरामीले सेवा लिन सक्छन्

यो भवनमा मृगौलारोगीले विना कुनै भेदभाव अतिरिक्त सेवा र चाहिएका बेला विशेषज्ञ सेवा प्राप्त गर्न सक्छन्

£80 मिलियनको लागतमा बन्ने यो भवनमा St Helier र St George अस्पतालका बिरामीहरूको उपचार गरिने छ

केही बिरामीहरूले अलिक बढी यात्रा गर्नु पर्ने हुन सक्छ

अस्पतालका क्लिनिक वा डाइलासिस मेसिनमा कुनै परिवर्तन गरिएको छैन

St George र St Helier का मृगौला रोग विशेषज्ञहरूका अनुसार यो परिवर्तन बिरामीहरूको लागि उत्तम हुने छ

नयाँ भवनले
**5%**
बिरामीले सेवा प्राप्त गर्न सक्ने छन्

**95%**
मृगौलारोगीले प्राप्त गर्ने सेवामा कुनै बदलाव हुने छैन

3

# कस्ता मृगौलारोगीको स्याहारमा परिवर्तन हुने छ ?

यो प्रस्तावले केही मृगौलारोगीको स्याहार र उपचारमा मात्र असर हुने छ । स्थानीय अस्पतालका क्लिनिक, डाइलासिस एकाइ वा घरमा हुने बहिरङ्ग सेवामा कुनै परिवर्तन हुने छैन ।

**कुनै परिवर्तन छैन**

**95%**
बिरामीको स्थानीय मृगौला उपचार क्लिनिक, एकाइ वा घरमा उपचार हुने

**5%**
बिरामीको St George अस्पतालको नयाँ भवनमा उपचार हुने

अत: मृगौलारोगीहरू प्रायजसो मृगौला रोगसम्बन्धी सेवा उही स्थानबाट प्राप्त गर्न सक्ने छन् । तलको डायग्राममा विस्तृत विवरण दिइएको छ ।

**10**
वटा अस्पतालले साधारण मृगौला रोग, हाइपरटेन्सन, प्रत्यारोपण पछि हुने तीन महिने फलोअप पेरिटोनेल डाइलासिस (PD) सेवा, आइरन दिने सेवा, शल्यक्रियाको आवश्यकता भए नभएको जाँच्ने सेवा र जीवित दाता क्लिनिक लगायतका उन्नत मृगौला स्याहार प्रदान गरिरहने छन्

**8**
एकाइले डाइलासिस सेवा प्रदान गरिरहने छन्

होम थेरापी जारी रहने र बढ्ने

**अन्तरङ्ग**
प्रत्यारोपण, मृगौला र रक्त नलीको शल्यक्रिया, मृगौलाको जटिल चोटपटक

**बहिरङ्ग**
डाइलासिसको प्रारम्भिक चरणमा दिइने अतिरिक्त सहायता र होम थेरापीमा सहयोगी हुने थप परामर्श र तालिम

4

# मृगौलारोगीहरूका लागि यो कसरी बढी लाभदायक छ ?

हाम्रा मृगौला रोग विशेषज्ञ र नर्सका अनुसार नयाँ भवनमा ठुलो टोली बनाएर काम गर्न सकियो भने बिरामी, तिनका परिवार र स्याहारकर्तालाई फाइदा पुग्छ । यसले कर्मचारीहरूलाई पनि सहज हुन्छ । यसका कारणले हामी विशेष रूपले तालिमप्राप्त चिकित्सक, नर्स र स्वास्थ्यकर्मी भर्ना गर्न, तिनलाई तालिम दिन र तिनीहरूबाट लामो समय सेवा लिन सक्छौँ । त्यस्तै, बिरामीहरूलाई ट्रायलमा सहभागी हुने अझै बढी अवसर प्राप्त हुन्छ । यसले उनीहरूको उपचार र स्याहारको गुणस्तरमा सकारात्मक परिवर्तन हुन्छ ।

यो प्रस्तावले बिरामीको स्याहारको गुणस्तर कसरी बढाउँछ भन्ने कुरा दर्शाउने केही उदाहरण तल दिइएको छ । यी उदाहरणमा बिरामीहरूको लागि तीन वास्तविक "पथ" प्रयोग गरिएको छ । NHS का अनुसार "पथ" भन्नाले बिरामीले आफ्नो उपचारका दौरान पूरा गर्नु पर्ने यात्रा बुझ्नु पर्छ । यो यात्रा बिरामी तथा तिनका परिवारहरूको लागि सकेसम्म तनावरहित, सुरक्षित र चुस्त हुनु पर्छ ।

“स्थानीय मृगौलारोगीहरूको प्रतिनिधित्व गर्ने निकायको रूपमा हामी क्लिनिकल टोलीबाट मृगौला रोगको उपचार सुधारको सन्दर्भमा आएको यो प्रस्ताव स्वीकार गर्छौं ।”

**St George का मृगौला रोगीहरूको संघको अध्यक्ष**
**St Helier का मृगौला रोगीहरूको संघको अध्यक्ष**

# उदाहरण 1

## एउटा अस्पतालबाट अर्को अस्पतालमा बिरामी सार्दा

St Helier बाट अन्तरङ्ग सेवा लिने मृगौलारोगीहरूले विशेषज्ञबाट परामर्श वा सेवा लिनु पर्ने हुन सक्छ ।

जस्तै, बिरामीले मुटु रोगको विशेषज्ञबाट सेवा लिनु पर्ने हुन सक्छ । St Helier मा मुटुरोगको विशेषज्ञ सेवा सधैँ उपलब्ध हुँदैन । यसको अर्थ, बिरामीले सेवा लिन St George मा बेड खाली हुन्जेल कुर्नु पर्छ । बिरामीले धेरै दिनसम्म कुर्नु पर्ने पनि हुन सक्छ । बिरामीलाई त्यहाँ उपचार गरेपछि बाँकी उपचारको लागि फेरि St Helier मै फर्किनु पर्ने हुन्छ । यो ढिलासुस्ती बिरामी, बिरामीका परिवार र स्याहारकर्ता तथा मृगौला रोगका चिकित्सकहरू सबैका लागि निराशाजनक हुन्छ ।

St George मा मृगौला रोग उपचारको नयाँ विभाग बनाउन सकिएका खण्डमा चौबीसै घण्टा सातै दिन मुटु रोगको विशेषज्ञ सेवा प्राप्त गर्न सकिन्छ । यहाँ पहिलादेखि मुटु रोगको विशेषज्ञ सेवा उपलब्ध भएकाले यस्तो सम्भव भएको हो ।

यसले विशेषज्ञ सेवा चाहिने अन्तरङ्ग मृगौला रोगीहरूको उपचारको पथ वा यात्रा सहज बनाउँछ ।


**प्रस्तावित पथ (यात्रा)**



नयाँ भवनमा सबै विशेषज्ञ सेवा उपलब्ध हुने छ



बिरामीले अझै द्रुत रूपमा सेवा प्राप्त गर्न सक्ने छन्



एउटा अस्पतालबाट अर्को अस्पतालमा सारिरहनु पर्ने छैन



अर्थ अस्पताल बसाइ अवधि कम हुने छ र बिरामीहरू झन्झटमुक्त हुने छन्

# उदाहरण 2

## हेमोडाइलासिस भास्कुलर सेवामाथिको पहुँच

मृगौलारोगीहरूले कहिलेकाहीँ (रक्त नली) विशेषज्ञहरूको सेवा लिनु पर्ने हुन सक्छ ।


अहिले St George र St Helier मा चौबीसै घण्टा सातै दिन विशेषज्ञ रक्त नली सेवा उपलब्ध छैन । यसले बिरामीको उपचारमा ढिलाइ हुने र बिरामी र तिनका परिवारलाई तनाव हुने गरेको छ ।

नयाँ भवन थपियो भने अन्तरङ्ग र बहिरङ्ग दुवै बिरामीलाई सहज हुन्छ ।

अन्तरङ्ग सेवा लिने बिरामीको पक्षबाट भन्नु पर्दा चौबीसै घण्टा सातै दिन शल्य चिकित्सकहरू उपलब्ध हुन्छन् । मृगौलारोगीहरूको लागि हरेक दिन शल्यक्रिया कक्ष उपलब्ध हुन्छ ।

बहिरङ्ग सेवा लिने बिरामीको हकमा एकै छानामुनि सेवा प्रदान गर्दा अझ प्रभावकारी सेवा प्रदान गर्न सकिन्छ । COVID को महामारीको दौरान यसको सफलतापूर्वक परीक्षण गरिएको छ । यो अवधिमा दुवै अस्पतालले संयुक्त रूपमा बहिरङ्ग सेवा प्रदान गरेका थिए ।

**प्रस्तावित पथ (यात्रा)**




- नयाँ भवनमा चौबीसै घण्टा सातै दिन रक्त नलीसम्बन्धी विशेषज्ञ सेवा उपलब्ध हुने छ
- बेड संख्या बढी हुने भएकाले उपचारमा हुने छैन
- हप्ताको सातै दिन रक्त नलीका शल्य चिकित्सक र शल्यक्रिया कक्ष उपलब्ध हुने छन्
- बिरामीहरूको जाँच छिटो हुने छन् र उनीहरू चाँडो घर फर्किन सक्ने छन्

# उदाहरण 3

## घरमै डाइलासिस गर्ने सहायता


St Helier बाट अन्तरङ्ग सेवा लिने मृगौलारोगीहरूले विशेषज्ञबाट परामर्श वा सेवा लिनु पर्ने हुन सक्छ ।

जस्तै, बिरामीले मुटु रोगको विशेषज्ञबाट सेवा लिनु पर्ने हुन सक्छ । St Helier मा मुटुरोगको विशेषज्ञ सेवा सधैँ उपलब्ध हुँदैन । यसको अर्थ, बिरामीले सेवा लिन St George मा बेड खाली हुन्जेल कुर्नु पर्छ । बिरामीले धेरै दिनसम्म कुर्नु पर्ने पनि हुन सक्छ । बिरामीलाई त्यहाँ उपचार गरेपछि बाँकी उपचारको लागि फेरि St Helier मै फर्किनु पर्ने हुन्छ । यो ढिलासुस्ती बिरामी, बिरामीका परिवार र स्याहारकर्ता तथा मृगौला रोगका चिकित्सकहरू सबैका लागि निराशाजनक हुन्छ ।

St George मा मृगौला रोग उपचारको नयाँ विभाग बनाउन सकिएका खण्डमा चौबीसै घण्टा सातै दिन मुटु रोगको विशेषज्ञ सेवा प्राप्त गर्न सकिन्छ । यहाँ पहिलादेखि मुटु रोगको विशेषज्ञ सेवा उपलब्ध भएकाले यस्तो सम्भव भएको हो ।

यसले विशेषज्ञ सेवा चाहिने अन्तरङ्ग मृगौला रोगीहरूको उपचारको पथ वा यात्रा सहज बनाउँछ ।

**प्रस्तावित पथ (यात्रा)**




St George मा हप्ताको सातै दिन चौबीसै घण्टा मुटुरोगका विशेषज्ञ उपलब्ध हुन्छन्

मृगौलारोगीहरूले नयाँ भवनमा अझ चाँडो विशेषज्ञको सेवा लिन पाउँछन्

यसले बिरामी, परिवार र स्याहारकर्ताको जीवन सहज बनाउँछ

5

# नयाँ भवनसम्मको यात्रा

धेरै बिरामी तथा तिनको हेरचाह गर्ने व्यक्तिहरूका लागि यात्रा तथा यातायात महत्त्वपूर्ण विषय हो । यो प्रस्तावअन्तर्गत अहिले अन्तरङ्ग सेवाको लागि St Helier आउने बिरामीहरूले 2026 बाट Sutton जानु पर्ने भएकाले लामो दूरीको यात्रा गर्नु पर्ने हुन्छ ।

यो प्रस्तावअन्तर्गत प्रायः जसो बिरामीहरूले नयाँ ठाउँमा सेवा लिन जानु पर्दैन । केही बिरामीहरूले भने नयाँ ठाउँमा सेवा लिन जानु पर्छ तर त्यहाँ अझ गुणस्तरीय सेवा र सुविधा प्राप्त गर्न सकिन्छ । यो प्रस्तावले केही बिरामीको हकमा प्रस्तावित नयाँ भवनमा जाने औसत यात्रा अवधि बढाउँछ । समग्रमा भन्नु पर्दा औसतमा आठ मिनेट बढी यात्रा गर्नु पर्ने हुन्छ । बिरामी बस्ने स्थानको आधारमा कम वा बढी समय लाग्न सक्छ । जस्तै, Sutton क्षेत्रमा बस्ने मान्छेहरूले यात्रामा सबैभन्दा बढी समय खर्चनु पर्ने हुन्छ ।

मृगौलारोगीहरूका लागि यातायात सेवा उपलब्ध भइरहने छ ।

पोष्टकोडमा आधारित यात्रासम्बन्धी थप जानकारी यो वेबसाइट मा उपलब्ध छ:
**www.swlondonccg.nhs.uk/important-documents**


यो प्रस्ताव र यसले सिर्जना गर्ने सक्ने यात्रा र यातायात परिवर्तनको बारेमा तपाईंसँग जिज्ञासा वा प्रतिक्रिया हुन सक्छन् । हामी तपाईंको राय जान्न चाहन्छौँ ।

**आफ्नो राय कसरी व्यक्त गर्ने भन्ने बारेमा यो सारांश पत्रको पुछारमा जानकारी दिइएको छ ।**


# St Helier र St George का मृगौला रोगका स्वास्थ्यकर्मीहरूले सारांशमा यो प्रस्तावका निम्न फाइदा हुने कुरा जनाएका छन्:



c£80 मिलियन लगानी



थप बेड




मृगौलारोगीकै लागि उपलब्ध थप शल्यक्रिया कक्षहरू



बिरामीको अनुभव र उपचारको प्रभावकारितामा सुधार



राम्रा भवन



विशेषज्ञमाथिको पहुँच

# हामी तपाईंको राय  जान्न चाहन्छौ

**तपाईं विविध तरिकाले आफ्नो राय, सुझाव र जिज्ञासा राख्न सक्नुहुन्छ ।**

1. हाम्रो वेबसाइटमा रहेको प्रश्नावली भर्नुहोस्
   **https://swlondonccg.nhs.uk/renal/**
   वा QR कोड स्क्यान गर्नुहोस्

2. हामीलाई निम्न ठेगानामा इमेल गर्नुहोस्
   **swlRENAL@swlondon.nhs.uk**

3. हामीलाई Twitter मा फलो गर्नुहोस्:
   **@SWLNHS**

4. हामीलाई निम्न ठेगानामा पत्राचार गर्नुहोस्
   **FREEPOST improvingkidneycare**

**हाम्रो निम्न वेबसाइटमा थप जानकारी उपलब्ध छ ।**
https://swlondonccg.nhs.uk/renal/

## सार्वजनिक कार्यक्रम

हामी दुईवटा अनलाइन कार्यक्रम गर्दै छौं । यी कार्यक्रमको मिति हाम्रो वेबसाइटमा राखिएको छ ।

तपाईं यो कागजात अर्को भाषा वा ढाँचामा चाहनुहुन्छ भने कृपया हामीलाई **swlRENAL@swlondon.nhs.uk** मा इमेल गर्नुहोस् । हामी तपाईंले चिताएको ढाँचा वा भाषामा जानकारी प्रदान गर्ने सक्दो प्रयास गर्ने छौं ।

हामी निम्न मितिसम्ममा तपाईंको प्रतिक्रिया आउँछ भन्ने कुरामा आशावादी छौं:
**मंगलवार 7 सेप्टेम्बर 2021**.

